# विकासमा बहुआयाम: समृद्ध मेन्छयायेम

## मेन्छयायेम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ, तेह्रथुम, कोशी प्रदेश, नेपाल



# नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८३।०८४

# **अध्यक्ष श्री यादव बहादुर खापुङ्**ले

# **मेन्छयायेम गाउँपालिका**को

# **चौधौं गाउँ सभा**मा

## पेश गर्नुभएको आर्थिक वर्ष २०८३।०८४

# नीति तथा कार्यक्रम

**मेन्छ्यायेम गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ, तेह्रथुम

**२०८३ असार १० गते बुधबार**

**चौधौं गाउँसभामा उपस्थित सभासदस्य ज्यूहरू,**

उपस्थित राष्ट्रसेवक कर्मचारीहरू,

यस गरिमामय १४ औं सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूलगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरू प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरू पुरा गर्ने दिशामा हामीले आगामी आ.ब. २०८३/८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

संविधानले व्यवस्था गरेको राजनैतिक, प्रशासनिक र वित्तीय संघीयता अनुसार आर्थिक, सामाजिक रूपान्तरण तथा सुशासन विकास र सामाजिक न्याय सहितको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा तथा प्रदेश सरकारले तयार गरेको 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' साथै **'विकासमा बहुआयामः समृद्ध मेन्छयायेम'** को दीर्घकालीन लक्ष्यलाई आत्मसात गर्दै दीगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी जनताको सुख र समुन्नतिको लागि स्थानीय सरकार प्रतिबद्ध भए लागि परेको छ । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दीगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी नेपाली र समृद्ध जनताको राष्ट्रिय संकल्प हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समूदायको साझेदारी विकास गरिनेछ ।

स्थानीय जनतालाई सरकारको तर्फबाट सकरात्मक परिवर्तनको आभास दिलाउने स्थानीय जनशक्ति, सीमित स्रोतसाधनको उपयोग गर्दै सुशासनलाई संस्थागत गर्न, विकास निर्माणका कामहरूलाई गति दिन र सेवा प्रवाहमा सर्वसाधारणले अनुभूति गर्न सक्ने गरी कार्य योजना बनाई लागि पर्नु तथा गाउँपालिकाको आन्तरिक आयलाई मजबुत बनाउँदै गाउँपालिकालाई आत्मनिर्भर बनाउनु आजको हाम्रो कार्यभार हो ।

**गाउँ सभासदस्यज्यूहरू**

मेन्छयायेम गाउँपालिकाको वर्तमान सरकार र नेतृत्व दीर्घकालीन योजना र लक्ष्य सहित अगाडि बढिरहेको सर्वविदितै छ । सरकार सञ्चालन गर्न आवश्यक पर्ने कानून तथा नीतिहरू निर्माण गर्दै योजनाबद्ध विकासको अवधारणा अनुसार आवधिक विकास योजना तयार पारी गाउँपालिकाको समृद्धिका लागि प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी सोही अनुसार स्रोतहरूको परिचालन गरी अधि बढिरहेको छ । **गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, कृषिमा व्यावसायीकरण, पर्यटन प्रबर्द्धन तथा दिगो पूर्वाधार विकास गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्दै समृद्ध गाउँपालिका** निर्माणको आधार तयार गरी परिणाममुखी कार्यान्वयन गर्न र गराउन लागि हामी लागि परेका छौं ।

**उपस्थित सभा सदस्य ज्यूहरू,**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, **स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मेन्छयायेम आवधिक योजना, २०८१ तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वार्षिक तथा रणनीतिक योजनाहरू** बनाई लागू गर्दै जानुपर्ने प्रावधान, **मध्यमकालिन खर्च संरचना (MTEF), सोह्रौं आवधिक योजनाको मूलभूत पक्ष**हरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

गाउँपालिकाको बृहत्तर विकासमा गाउँपालिकाभित्रका आम उपभोक्ताहरू, सर्वसाधारण जनता, व्यापारी/ब्यवसायीहरू, सामाजिक संघसंस्थाहरू तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहँदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरूले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानूनी ढाँचा भित्र आवद्ध गराउने हो । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) लाई अद्यावधिक रूपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**सभा सदस्यज्यूहरू,**

**अब म यस सम्मानित सभामा आगामी आ.ब. २०८३/८४ को लागि प्रस्तावित विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।**

**सामाजिक विकास**

**शिक्षा**

- स्थानीय शिक्षा योजनाको बार्षिक लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि बार्षिक कार्यान्वयन योजना तयार गरी लागू गरिनेछ ।
- स्थानीय पाठ्यक्रमलाई समय सान्दर्भिक परिमार्जन गर्दै लगिनेछ साथै स्थानीय पाठ्यपुस्तक निर्माण गरी गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयमा सहज वितरण गरिनेछ ।
- शिक्षकहरूको क्षमता विकास गर्नका लागि ICT सम्बन्धी क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ ।
- प्रारम्भिक बालविकास सहजकर्ताहरूका लागि पुनर्ताजगी तथा शैक्षीक सामग्री निर्माण सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई थप सुदृढ गर्दै अनौपचारिक, वैकल्पिक तथा आजिवन सिकाइको केन्द्र बनाइनेछ ।
- विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनिक सुधारका लागि SIP निर्माण तथा यसको कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ ।

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गाउँपालिका अनुदान शिक्षकलाई निरन्तरता दिइनेछ साथै अतिरिक्त कक्षाका सञ्चालनलाई समेत निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई उद्देश्यमूलक तथा प्रभावकारी बनाउन डिजिटल शैक्षिक सामग्री निर्माण र कक्षाकोठामा यसको प्रयोगलाई निरन्तरता दिइनेछ ।
- विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि निर्माण गरी शिक्षक विद्यार्थी अनुपातका आधारमा मिलाइनेछ साथै जिपीएस पद्धतिमा आधारित नक्साङ्कन गरी दिर्घकालिन रूपमा विद्यालयहरूको पुनर्व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयको विद्यालय दिवाखाजा व्यवस्थापन विद्यालय दिवाखाजा प्रारूप, २०८१ अनुसार भए/नभएको निरन्तर नियमन गरिनेछ ।
- विद्यालय कर्मचारी तथा प्रारम्भिक बालविकास सहजकर्तालाई दिँदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता पुनर्स्थापना कार्यक्रम अन्तरगत प्राविधिक सहयोगमा अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी उनीहरूलाई छात्रवृत्ति तथा प्रोत्साहनका लागि समन्वय र सहकार्य गरिनेछ ।
- कक्षा ८, कक्षा १० र कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयलाई पुरस्कृत गर्ने परिपाटीको शुरूवात गरिनेछ ।
- गाउँपालिका स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमको थालनी गरिनेछ ।
- अभिभावक सचेतना कार्यक्रमको शुरूवात गरिनेछ ।
- ICT सामग्री अभाव रहेका विद्यालयहरूको पहिचान गरी ICT सामग्री वितरण गरीनेछ ।
- लागत साझेदारीका आधारमा सञ्चालन हुने भौतिक निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरीक्षण योजना तयार गरी प्रभावकारी बनाइनेछ ।
- **Human Practice Foundation,** संघीय सरकार तथा प्रदेश सरकारको सहयोगबाट विद्यालयको भौतिक पूर्वाधार निर्माणलगायत अन्य सिकाइका माध्यमहरूलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

**स्वास्थ्य**

- सञ्चालनमा रहेका मेन्छयायेम गाउँपालिका १ स्थित सामूदायिक स्वास्थ्य इकाइ पौठाक, मेन्छयायेम २ स्थित पौठाक स्वास्थ्य चौकी, मेन्छयायेम ४ स्थित श्रीजुङ्ग स्वास्थ्य चौकी, मेन्छयायेम ३ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र र मेन्छयायेम गाउँपालिका ६ स्थित मेन्छयायेम अस्पतालबाट अझ गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक कदम चालिनेछ ।
- मेन्छयायेम अस्पतालमा एमबीबीएससहितको चिकित्सकीय सेवालाई निरन्तरता दिँदै लगिनेछ । हाल सेवा प्रवाह भइरहेको डिजिटल अल्ट्रा साउण्ड, गुरणस्तरीय ल्याब, डिजिटल एक्सरे र फार्मेसी सेवालाई नियमित तथा अझ प्रभावकारी र गुणस्तरीय सेवाका लागि निरन्तरता दिइनेछ ।
- नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकामा निर्माणाधीन १५ शैय्याको मेन्छयायेम अस्पताललाई सम्पन्न गरी आधुनिक प्रविधिसहितको पूर्वाधारयुक्त अस्पताल बनाउन जोड दिइनेछ ।
- सबै स्वास्थ्य संस्थामार्फत नेपाल सरकारबाट निःशुल्क गरिएका ९८ प्रकारका औषधिहरू वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिकामा खरिद भएको एम्बुलेन्सलाई एम्बुलेन्स सञ्चालन कार्यविधि अनुसार सबैको पहुँचमा पुर्याउन र थप प्रभावकारी सेवा प्रवाहका लागि कार्यविधि कार्यान्वयनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
- मेन्छयायेम गाउँपालिकाअन्तरगत रहेका स्वास्थ्य संस्थामा सञ्चालित बर्थिङ्ग सेन्टरको सेवालाई व्यवस्थित बनाउन स्वास्थ्यकर्मीलाई ***SBA (Skilled Birth Attendant)*** ट्रेनिङ्गको व्यवस्था तथा उपकरणयुक्त बनाइनेछ ।
- स्वास्थ्य संस्थामा मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध तथा गर्भवती तथा जेष्ठ नागरिकलाई घर-घरमै पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने प्रबन्धलाई निरन्तरता दिइनेछ ।
- महिला स्वयंसेविकाहरूको क्षमता विकासका लागि तालिम उपलब्ध गराई उनीहरूको सेवालाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।
- मेन्छयायेम ५ स्थित मेन्छयायेम आरोग्य केन्द्रलाई थप व्यवस्थित बनाइ आयुर्वेद, प्राकृतिक चिकित्सा, युनानी र आम्ची तथा अन्य चिकित्सा पद्वतिको स्थानीस्तरमा विकास र विस्तारलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारको स्वास्थ्य बीमासम्बन्धि कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ । यसका लागि सबै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गराई जनस्वास्थ्य र आधारभूत स्वास्थ्य बाहेकका विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवा स्वास्थ्य बीमामार्फत प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- विभिन्न प्राणघातक रोग जस्तै क्यान्सर, मृगौंला प्रत्यारोपण, डायलायसिस, मेरूदण्ड पक्षघात र गम्भीर प्रकृतिका मुटुरोगीहरूलाई औषधि उपचारमा आर्थिक सहयोग कार्यलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविका तथा समूदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई सुदृढ गरिनेछ ।

**खानेपानी तथा सरसफाइ सम्बन्धि**

- गाउँपालिकावासीलाई स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पहुँचको अधिकार प्रत्याभूत गराई दीगो विकासको लक्ष्यलाई लक्षित गर्दै एक घर, एक धाराको नीति अन्तर्गत सबै नागरिकहरूको घर घरमा स्वच्छ खानेपानी उपल्ब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित खानेपानी आयोजनाहरूलाई एकीकृत रूपमा सञ्चालन र नियमन गर्दै लगिनेछ ।
- आगामी आर्थिक वर्षदेखि मेन्छयायेम गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना WASH सम्बन्धि कार्यक्रम लागू गरिनेछ ।
- गाउँपालिका भित्रका खानेपानी आयोजनाहरूको मुहानहरूको संरक्षण तथा मर्मत सम्भार, मुहान, ट्याङ्की र धाराहरूका साथै सार्वजनिक संस्थाहरूमा रहेका खानेपानीको धारा तथा शौचालयहरूको सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानहरू सञ्चालन गरिनेछ ।

**संस्कृति प्रबर्द्धन**

- कला, भाषा, साहित्य र संस्कृति र सम्पदाको जगेर्ना गरी सामाजिक तथा सांस्कृतिक एकतालाई मजबुत बनाइनेछ । गाउँपालिकाभित्र परम्पागत रूपमा आयोजना हुँदै आएका मेला तथा अन्य गतिविधिहरूमा विविध जातीय भेषभूषा, कला, साहित्य, संगीतलगायत अनुसार झाँकी सहित प्रदर्शन गर्ने नीतिलाई निरन्तरता तथा विदा दिने कार्यलाई निरन्तरता दिइनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण GESI सम्बन्धि निर्माण गरिएको रणनीति कार्यान्वयन तथा सोको परीक्षण गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- **लैङ्गिक उत्तरदायी बजेट GRB** गर्न बजेट नीति, कार्यक्रम तथा स्रोत बाँडफाँडमा लैङ्गिक संवेदनशीलता अपनाउने प्रक्रियाको थालनी गरिनेछ ।
- सामाजिक न्याय र समावेशीकरणको सुनिश्चितता तथा लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिँदै लगिनेछ ।
- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न गाउँपालिका भित्र रहेका महिला विकास तथा आमा समूहहरूलाई लक्षित गरी क्षमता अभिवृद्धि तथा सशक्तिकरण गर्न नेतृत्व विकास सम्बन्धि तालिमहरूलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिक तथा महिला अधिकारसम्बन्धि काम गर्ने जेष्ठ नागरिक समन्वय केन्द्रको स्थापना तथा महिला अधिकार मञ्चलाई क्षमता विकास तथा शसक्तिकरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विभिन्न समूदायले जीवन निर्वाहको रूपमा अपनाइ आएका परम्परागत पेशालाई संरक्षण सम्बर्द्धन तथा आधुनिकीकरण गरी व्यवसायिक उद्यमको रूपमा विकास गर्न सहयोग गरिनेछ ।
- गाउँपालिकाबाट जारी भएको टोल विकास सम्बन्धि कार्यविधिको कार्यान्वनका लागि टोल विकास संस्था गठन कार्यलाई अघि बढाइ टोल विकास संस्थाहरूलाई प्रभावकारी रूपमा अघि बढाइनेछ ।
- ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र वितरणलाई थप व्यवस्थित तथा अभिलेखीकरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रबर्द्धित व्यवसायलाई मेन्छयायेम साझा सुविधा केन्द्र (उद्यम घर)मार्फत बजारीकरणको व्यवस्था मिलाइनेछ ।
- आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई सशक्तीकरण र सामाजिक रूपान्तरणमार्फत अघि बढाइनेछ ।

**अपाङ्गता रोकथाम तथा पुनर्स्थापना**

- मेन्छयायेम गाउँपालिका, कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र करूणा फाउण्डेसन नेपालसँगको लागत साझेदारीमा आर्थिक वर्ष २०८१।०८२ देखि सञ्चालन हुँदै आएको अपाङ्गता रोकथामा तथा पुनःस्थापना कार्यक्रमलाई यस वर्ष मेन्छयायेम गाउँपालिका र कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको लागत साझेदारी तथा करूणा फाउण्डेसन नेपालको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ । साथै अपाङ्गता समावेसी विकासका गतिविधिहरू सञ्चालन गरिनेछ ।

**आर्थिक विकास समिति**

**कृषि तथा पशुपंक्षी**

- किसानहरूलाई पशुपालनमा प्राविधिक सेवा प्रवाह गर्ने उद्देश्यले वडामा सञ्चालित पशु सेवा केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ ।
- महामारीजन्य तथा प्राणघातक रोगहरू रोकथामका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

- कृषकहरूलाई व्यवसायिक पशुपालनतर्फ उन्मुख गराउन नमूना पशुपालन फर्महरूको विकास गर्न सहयोग गरिनेछ ।
- कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरिनेछ ।
- गुणस्तरीय तरकारी बिउ उपलब्ध गराई व्यावसायिक तरकारी उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- उन्नत मकै बिउ वितरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।
- स्थानीय सम्भावना भएका मसलाबालीको उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ ।
- मौरीपालन व्यवसाय विस्तार, मह उत्पादन वृद्धि तथा आयआर्जन अभिवृद्धिका लागि मौरी गोला सहितको घार वितरण गरी आवश्यक तालिम प्रदान गरिनेछ ।
- अलैंची खेतीको उत्पादन र गुणस्तर सुधारका लागि आधुनिक व्यवस्थापन तथा प्राविधिक तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय हावापानीअनुकूल बगैंचाको स्थापना, संरक्षण तथा व्यवस्थापनलाई प्रवर्द्धन गरी उत्पादन र आयआर्जन वृद्धि गरिनेछ ।
- रोग, कीरा तथा प्राकृतिक प्रकोपबाट हुने बाली क्षति न्यूनीकरणका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- कृषक तथा कृषक समूहको आवश्यकता र मागका आधारमा प्राथमिकताका साथ कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषकलाई बाली बीमा कार्यक्रममा आबद्ध गराउन आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।
- स्थानीय वातावरणअनुकूल फलफूलका बिरूवा वितरण गरी फलफूल खेती विस्तार र दीर्घकालीन आयआर्जन वृद्धि गरिनेछ ।
- स्थानीय रैथाने बालीको संरक्षण, उत्पादन वृद्धि, बीउको प्रवर्द्धन तथा बजारीकरणमार्फत जैविक विविधता र खाद्य सुरक्षालाई सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ ।
- आवश्यक कृषि सामग्री तथा उपकरणमा कृषकको पहुँच विस्तार गरी आधुनिक खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।
- कृषि क्षेत्रका नवीन प्रविधि, उत्कृष्ट उत्पादन तथा सफल अभ्यासको प्रचारप्रसार र बजारीकरणका लागि कृषि मेला तथा प्रदर्शनी आयोजना गरिनेछ ।
- कृषकलाई आधुनिक कृषि प्रविधि र व्यावहारिक सीप प्रदान गर्न खेतमै आधारित सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेन्छयायेम गाउँपालिकाका बाँकी रहेका वडाहरूमा समेत किसान सूचिकरण कार्य सम्पन्न गरी वास्तविक कृषकको तथ्याङ्क अद्यावधिक गर्दै कृषि सेवा तथा अनुदान कार्यक्रमलाई प्रभावकारी र लक्षित बनाइनेछ ।
- कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क नियमित रूपमा अद्यावधिक गरी योजना निर्माण, बजेट तर्जुमा तथा सेवा प्रवाहलाई तथ्यमा आधारित, प्रभावकारी र व्यवस्थित बनाइनेछ ।
- पशुहरूमा लाग्ने रोग विरूद्धको खोपहरू खोरेत, पीपीआर, क्लासिकल स्वाइन फिवरविरूद्धको खोप किसानको घर घरमा पुर्याइने छ । मेन्छयायेम भेटेरिनर अस्पतालबाट प्रयोगशाला सञ्चालन गरी दुध, गोबर, पिसाब परीक्षण गरी पशुहरूमा हुने थुनेलो, लोहमुते तथा आन्तरिक परजीवीको पहिचान गरी उपचारमा सहजता ल्याइनेछ नेपाल सरकारको २०३० को खोरेत मुक्त बनाउने नीतिलाई सहयोग गरी मेन्छयायेम गाउँपालिकालाई खोरेत मुक्त बनाइ यहाँको पशुजन्य निकासी गरिनेछ ।
- उन्नत जातका भेडा उत्पादन गरी राडीपाखी बुनाइ तालिम तथा बजारीकरणको व्यवस्था गरिनेछ ।

**व्यवसाय तथा पर्यटन**

- गाउँपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायको दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

- मेन्छयायेम गाउँपालिका ३ मा निर्माणाधिन **मेन्छयायेम ढाँप**लाई आगामी आर्थिक वर्षमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । मेन्छयायेम गाउँपालिकालाई आन्तरिक तथा बाह्य पर्यटकहरूको रोजाइँको गन्तव्यको रूपमा विकास गर्दै लगिनेछ ।
- ऐतिहासिक मेन्छयायेम डाँडालाई सांस्कृतिक तथा मुन्धुमी अध्ययन अनुसन्धानको क्षेत्रमा विकास गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरू जोड्न पर्यटकीय सडक सञ्जाल स्तरोन्नतिलाई निरन्तरता दिइनेछ ।
- विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरूको प्रबर्द्धन गर्न सहयोग गरिनेछ ।
- गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न सरकारी तथा विभिन्न गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ । यी क्षेत्रहरूमा सूचनामूलक जानकारीसहित दिशानिर्देश बोर्डहरू राखिनेछ र प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रशारण र ब्रोसरहरूको वितरण गरी पर्यटन प्रबर्द्धनमा निरन्तरता दिइनेछ ।

**सहकारी तथा अन्य संघसंस्था/समिति**

- गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरूको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित गरिनुका साथै गाउँपालिकाबाट जारी भएको सहकारी ऐनमार्फत सहकारी संस्थाहरूको नियमनलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।
- सहकारीहरूको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरूको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।
- कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भइ लगानी गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।
- लघु वित्त कार्यक्रम सञ्चालन गर्ने सबै संस्थालाई गाउँपालिकाको नियमित सम्पर्कमा रही कार्यगत सहजीकरण गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सबै सहकारी संस्थाहरूलाई सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली (Co-operative and Poverty-related Management System (COPOMIS)) मा आबद्ध गराइनेछ ।
- सहकारी संस्थाहरूको क्षमता विकास अभिवृद्धिका लागि सूचना प्रणाली, व्यवस्थापकीय तथा लेखा सम्बन्धि तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

**लघु उद्यम**

- नवप्रवर्तनमा आधारित उद्योगहरूको प्रवर्द्धन एवम् विकासलाई प्रोत्साहित गरी लघु, घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायलाई आकर्षित गर्दै आर्थिक विकास तथा रोजगारीको सिर्जना गरिनेछ ।
- स्थानीय स्रोत र साधनको उचित प्रयोग गरी अधिकतम आय आर्जन हुने खालको उद्यम व्यावसाय सञ्चालन गर्न प्राविधिक तथा व्यावसायिक सीप विकास तालिमको व्यवस्था गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष मेडमोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ । पुराना उद्यमीहरूको पहिचान गरी एड्भान्स सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादकत्व वृद्धि गरी उत्पादित बस्तुहरूको ब्राण्डिङ्ग प्याकेजिङ्ग गरी बजारीकरणमा सहयोग गरिनेछ ।
- लघु उद्यमशिलताको माध्यमबाट दलित, महिला, जनजाति, अपाङ्ग र विपन्न वर्ग तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक प्राविधिक तथा व्यावसायिक सीप प्रदान गरिनेछ ।

- गाउँपालिका भित्र भएका व्यापार व्यावसाय फर्म दर्ता र नवीकरण अभियान तथा व्यवसायिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
- उत्पादित वस्तुहरूको सङ्कलन र विक्री वितरण गर्नका लागि एक कोसेली घर निर्माण गरिएको छ जसबाट उत्पादित बस्तुको विक्रीवितरणलाई निरन्तरता दिइनेछ ।
- उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा पहुँचका लागि बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ ।

**श्रम तथा रोजगार सेवा केन्द्र**

- राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगत सूचीकृत भएका वेरोजगार श्रमिकहरूलाई न्यूनतम रोजगारीमा संलग्न गराउन वार्षिक रूपमा वडागत रूपमा आयोजनाहरूको छनौट गरी **राष्ट्रिय रोजगार कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा सूचीकृत बेरोजगार श्रमिकहरूलाई न्यूनतम रोजगार उपलब्ध गराउन रोजगार सम्बन्धी रणनीतिअनुसार कार्यान्वियन गरिनेछ ।
- गाउँपालिकामा सूचीकृत बेरोजगार श्रमिकहरूका लागि न्यूनतम रोजगारीमा संलग्न गराउन राष्ट्रिय रोजगार कार्यक्रम र सो कार्यक्रमले सम्बोधन गर्न नसकेका बेरोजगार श्रमिकहरूका लागि छुट्टै कार्यक्रम मार्फत् न्यूनतम रोजगारीको अवसर उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- वैदेशिक रोजगारीमा जाने श्रमिहरूका लागि श्रम स्वीकृति, पुनः श्रम स्वकृति तथा वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायताका लागि आवश्यक समन्वयलाई निरन्तरता दिइनेछ ।
- बैदेशिक रोजगारीलाई सुरक्षित र सीपयुक्त बनाउन तथा बैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सीप र पूँजीको अधिकमत उपयोग गरी गाउँमा नै व्यवसायिक बनाउन उनीहरूको सामाजिक तथा आर्थिक पुनःएकीकरणका गतिविधिहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको लागि गाउँपालिकाको श्रम आप्रवासन नीति तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।

**युवा तथा खेलकूद**

- खेलकूदको विकास गर्न विभिन्न खेलहरूका लागि खेलकूद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भारलाई निरन्तरता प्रदान गरिनेछ ।
- सांस्कृतिक पर्वको रूपमा ऐतिहासिक रूपमा सञ्चालन हुँदै आएका खेलकूद प्रतियोगिताहरूलाई सहयोग गरी खेलकूद प्रबर्द्धनमा टेवा पुर्याइनेछ ।
- गाउँपालिकास्तरमा गठन भएको **खेलकूद विकास समिति**को क्षमता विकास, थप व्यवस्थित र चलयमान बनाउँदै लगिनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आबद्ध गराइने छ ।
- युवा रोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**बालबालिका**

- गाउँपालिकाले २०८३ माघ भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्न गरेको प्रतिबद्धतालाई पूरा गर्न आवश्यक कानून नीति निर्माण तथा कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।
- बाल क्लब गठन, बाल संरक्षणसम्बन्धि कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याइनेछ ।

**सडक यातायात पक्की पुल र झोलुङ्गे पुल**

- गाउँपालिकालाई जिल्ला सदरमुकाम र वडाहरू जोड्ने मेरूदण्डको रूपमा मानिएका सडकलाई अझ स्तरोन्नति गर्न निरन्तर जोड दिइनेछ ।
- गाउँपालिकास्तरीय सडकहरू निर्माण तथा मर्मत सम्भार स्तरोन्नति गरी कृषि, पर्यटन र स्वास्थ्यमा टेवा पुर्याउने लक्ष्य अनुरूप जिरीखिम्ती मोराहाङ्ग पौठाक सडक विस्तार तथा कालोपत्रेको गुणस्तरीय काम तथा समयमै पूर्णताका लागि संघीय सरकारसँग पहल गरिनेछ ।
- सडक सञ्जालको विकास तथा विस्तारद्वारा कृषि उत्पादनलाई बजारीकरण तथा पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।
- भू-उपयोग नीतिमार्फत भू-उपयोग क्षेत्र निर्धारण भएअनुसार वस्ति विकास योजना, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य थप ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा हालसम्म सबै वडामा सडकको पहुँच पुगेको, विभिन्न वस्तीमा समेत सबै समयमा गाडी चल्ने सडक पूर्वाधार विस्तार भएकाले उक्त सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नति गरी यातायात सञ्चालनलाई सहज बनाउन गाउँपालिकाले आगामी आर्थिक वर्षमा पनि प्राथमिकतामा राखेर सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।
- विगतका आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्ष २०८३।०८४ मा संघ तथा प्रदेश सरकारबाट पावरहाउस-मोराहाङ्ग-मंगलबारे सडक, मोराहाङ्ग बजार-संग्राते-लाक्री-डाँडागाउँ सडक र सिक्देम-जाँते-असिने सडक समपुरक अनुदानको साझेदारीबाट बिनियोजन भएको छ । संघ तथा प्रदेश सरकारको ८० प्रतिशत र स्थानीय तहको २० प्रतिशत लागत साझेदारी रहेको यी सडकहरूको स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ । संघ र प्रदेशअन्तरगका मन्त्रालयबाट पूर्वाधार क्षेत्रमा बिनियोजन भएका योजनाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- विभिन्न आयोजनाहरूको आवश्यक डीपीआर तयार गरिनेछ । गाउँपालिका भित्रका सडकलाई व्यवस्थित बनाउन सडक गुरूयोजना निर्माण गरी लागू गरिनेछ ।
- आगामी आर्थिक वर्षमा अधुरा र रणनीतिक रूपमा महत्वपूर्ण मानिएका कार्यक्रम/आयोजना सम्पन्न गर्ने र हालसम्म सम्पन्न भएका कार्यक्रम/आयोजनालाई फिनिसिङ गर्ने सोको र प्रचार प्रसार गर्ने कार्यमा केन्द्रित गर्ने नीति अघि बढाइनेछ ।

**भवन आवास तथा बस्ती विकास**

- गाउँपालिकामा निर्माण हुने सार्वजनिक भवन तथा पूर्वाधारहरू अपाङ्गमैत्री, लैङ्गिकमैत्री, जेष्ठ नागरिक मैत्री, बालमैत्री तथा वातावरणमैत्री बनाइनेछ ।
- ऐतिहासिक तथा धार्मिक महत्व बोकेको गौखुरी धामको पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकारसँग पहल गरिनेछ । यस्तै अन्य रमणीय तथा धार्मिक एवं ऐतिहासिक महत्व बोकेका स्थलको संरक्षण पुनर्निर्माण मर्मत तथा संरक्षण गरिनेछ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

- वन तथा जैविक विविधताको संरक्षण गरी ग्रामीण जनजीवनको लागि लाभदायक बनाइने तथा यसबाट हुने लाभको न्यायोचित वितरण गरी उद्यम विकासमा उपयोग गरिनेछ ।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जारी गरेको BIPAD Portal मार्फत विपदमा परेका क्षेत्र, घर तथा संरचनाको प्रविष्टि गरी पुनर्निर्माणमा सहजीकरण गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कानूनको निर्माण गरी फोहोरमैला व्यवस्थापनका लागि नीति ल्याइनेछ । बजार क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि ल्याड फिल्ड साइटको व्यवस्था गरिनेछ । सार्वजनिक स्थलहरूमा डस्टविनको व्यवस्थापन गरी जैविक तथा अजैविक फोहोरहरूलाई व्यवस्थापन गरिनेछ ।
- भू- तथा जलाधार व्यवस्थापनका लागि गाउँपालिकामा पोखरी, तालतलैया, झरना तथा खानेपानीको मुहानहरूको तथ्याङ्क सङ्कलन गरी संरक्षण र संवर्द्धन तथा खुल्ला स्थानहरूमा वृक्षारोपण गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन सेवा प्रवाहको लागि वडास्तरमा आपतकालीन सेवा सञ्चालन केन्द्रमा विपद् उद्धार सामाग्रीहरू थप गर्दै लगिनेछ ।
- आयोजनाहरूको अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ र पूर्वाधार निर्माणमा Bio Engineering प्रणालीलाई अनिवार्य गर्दै लगिनेछ ।
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** र वातावरणीय प्रभाव मूल्याङ्कन **(EIA)** अध्ययन गरिनेछ ।
- विपद् व्यवस्थापन कोष सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- जैविक विविधता तथा वन क्षेत्रको व्यवस्थित र वैज्ञानिक उपयोगका लागि भू-उपयोग योजना बनाइ लागू गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास**

सुशासन तथा संस्थागत विकास अन्तर्गत चालू आर्थिक वर्षसम्म आइपुग्दा ८ वटा ऐन, ५ वटा नियमावली, ४० वटा कार्यविधि, ४ वटा मापदण्ड र निर्देशिका निर्माण गरी राजपत्रमा प्रकाशन भई जारी गरी सेवा प्रवाहमा सरलता आएको छ । त्यस्तै गाउँपालिकाको दीर्घकालीन सोचसहितको आवधिक विकास योजना, भू-उपयोग नीति, आन्तरिक नियन्त्रण प्रणाली, मध्यकालिन खर्च संरचना, क्षमता विकास, लैसस रणनीति निर्माण सम्पन्न भएका छन् । आगामी आर्थिक वर्षमा राजश्व सुधार योजना, सडक यातायात गुरूयोजना निर्माण गरी लागू गरिनेछ ।

गाउँपालिकाले हालसम्म जारी गरेका कानुनहरू (राजपत्रमा प्रकाशन गर्नुपर्ने भनि तोकिएका कानुनी दस्तावेजहरू जस्तै ऐन, नियमावली, कार्यविधि, निर्देशिका, नीति, मापदण्ड तथा सूचना) लाई अद्यावधिक गरी प्रदेश तहमा रहने कानुन अभिलेखिकरण प्रणालीमा प्रविष्टि गरिनेछ।

**सुशासन, ऐन, कानून, न्याय तथा जवाफदेहिता**

- सार्वजनिक निकायका काम कारवाहीलाई पारदर्शी, जनउत्तरदायी जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासमा अभिवृद्धि गराउन सार्वजनिक सुनुवाइ सामाजिक परीक्षण गुनासो सुनुवाइलगायत

सार्वजनिक उत्तरदायित्वका माध्यमहरूको कार्यान्वयनलाई थप प्रभावकारी र नियमित बनाउन सूचना प्रणालीमार्फत व्यवस्था मिलाइनेछ ।

- स्थानीय सेवालाई सहज सरल सुलभ, सक्षम र सुदृढ बनाई दक्ष, सेवाग्राहीमुखी र व्यावसायिक बनाइनेछ । साथै सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।
- कानुनी साक्षरता र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
- सबै वडा कार्यालयमा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दै न्याय सम्पादनका लागि मेलमिलाप कर्तालाई आवश्यक स्रोत र साधन उपलब्ध गराइनेछ।
- आयोजना तथा कार्यक्रमहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ तथा टोल सुधार समिति, उपभोक्ता समितिको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरणका कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाबाट जारी भएका ऐन, कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरूको छुट्टै संग्रह आगामी वर्षमा तयार गरिनेछ ।

**संस्थागत तथा मानव संशाधन विकास तथा सेवा प्रवाह**

- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा विद्युतीय प्रणाली अवलम्बन गर्दै लगिनेछ। गाउँपालिका अन्तर्गतका सबै कार्यालय र संस्थाहरूमा ई-हाजिरी तथा सि.सि.क्यामेरा जडान गरी सोको नियमन गर्न एकीकृत प्रणाली लागू गरिनेछ ।
- जनप्रतिनीधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ साथै अवलोकन भ्रमणका माध्यमबाट सिकाइ तथा अनुभव आदान प्रदान गरिनेछ।
- गाउँपालिकामा कार्यरत कर्मचारीको सेवा शर्त सम्बन्धी कानून बमोजिम सामाजिक सुरक्षा कोष, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन नीति बनाइनेछ ।
- नेपाल सरकारले तीन तहकै सङ्गठन तथा व्यवस्थापन (O&M Survey) सर्भेक्षण मापदण्ड जारी गरिसकेको छ । मापदण्ड बमोजिम सबै स्थानीय सरकारहरूले संगठन तथा व्यवस्थापन (O&M Survey) सर्भेक्षण सम्पन्न गर्ने र सभाबाट स्वीकृत गराई प्रदेश किताबखानामा पद दर्ताको लागि सिफारिस गर्ने व्यवस्था गरिनेछ ।
- कार्यालय व्यवस्थापनका लागि आवश्यक सूचना प्रविधिको अवलम्बन गरिनेछ । प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा स्वत: प्रकाशनमार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**वित्तीय स्रोत परिचालन**

- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरूजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अघि बढाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, लेखा समितिको कार्यसञ्चालन कार्यविधि तथा बेरूजु फर्स्योट कार्यविधि जारी गरिनेछ ।
- महालेखा परीक्षकको प्रतिवेदनले दिइएकोसुझाव अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, लेखा समितिको कार्यसञ्चालन कार्यविधि र बेरूजु फर्स्योट कार्यविधिलाई यसै अधिवेशनमा पारित गरी जारी गरिनेछ। आगामी आवमा कायम भएको बेरूजु फर्योट गर्नेगरी बेरूजु फर्स्योट वर्षको रूपमा प्राथमिकता दिइनेछ । यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई नियमानुसार गठन गरी क्रियाशिल बनाइनेछ।

- करदाताहरूको विवरण तयार पारिनेछ र कानून बमोजिम कर नतिर्नेहरूको समेत पहिचान खुल्ने कर प्रणालीको विकास गरिनेछ ।
- राजश्व प्रशासनको संस्थागत सुधार गर्दै दक्ष जनशक्तिको व्यवस्था गरिनेछ र स्थानीय कर प्रणालीलाई सहज तथा सरल बनाउँदै लगिनेछ । करमा स्वेच्छिक सहभागिता अभिवृद्धि गर्न करदाता शिक्षा लागू गरिनेछ ।
- आगामी आर्थिक वर्ष २०८३।०८४ मा राजश्व सुधार कार्ययोजना निर्माण गरी करका दायराहरूको अध्ययन अनुसन्धान गरी आन्तरिक आयलाई वृद्धि गर्ने नीति अबलम्बन गरिनेछ ।

**सूचना तथा सञ्चार प्रविधि**

- पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरू व्यवस्थित र सुरक्षित राख्ने र एकीकृत तथ्याङ्क संकलनमा जोड दिइ तथ्याङ्क संकलनमा एकरूपता ल्याउने नीति लिइनेछ । गाउँ कार्यपालिका तथा सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरूलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।
- गाउँपालिका भित्र पार्श्व चित्र (Digital LG Profile) लाई किसान सूचीकरण तथ्याङ्ग, गरिब घर परिवार पहिचान तथ्याङ्ग, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण तथ्याङ्क तथा राष्ट्रिय जनगणना तथ्याङ्कलाई समेत समावेश गरी अद्यावधिक गरिनेछ ।
- इन्टरनेटको माध्यमबाट सेवा प्रवाहलाई जोडी सार्वजनिक निकायमा सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन कर्पोरेट इन्टरनेट विस्तार गरिनेछ ।
- पालिकाका सेवा र सूचनाहरू अनलाइनमार्फत प्रशारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरूलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराइने व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्याउन गाउँपालिकाको वेवसाइट अद्यावधिकलाई निरन्तरता दिईनेछ ।
- नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूमा सफ्टवेयर निर्माण गरी पेपर लेस प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरूमा अपुग भएका ICT सम्बन्धि उपकरणहरूको अभिलेख तयार गरी आवश्यकता अनुसार ICT सामग्रीहरू खरिद गरी वितरणको व्यवस्था गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिका राष्ट्रिय महासंघले तयार गरेको स्वमूल्याङ्कनका सूचकहरूमा शत प्रतिशत नतिजा हासिल गर्न त्तपरता दिइनेछ ।
- संघीय सरकारले जारी गरेको स्थानीय तहको अनुगमन तथा प्रतिवेदन प्रणालीमा नियमित रूपमा कार्य प्रगति विवरण प्रवृष्टि तथा राष्ट्रिय योजना आयोगको १७ वटा सूचकमार्फत गरी मूल्याङ्कनमा आगामी वर्ष विशिष्ट अंक हासिल गर्न तत्परता दिइनेछ ।

**न्यायिक समिति**

- स्थानीय स्तरमै न्याय निरूपण गर्ने संविधानको परिकल्पना अनुसार न्यायिक समिति मार्फत् सबै वडाहरूमा मेलमिलाप केन्द्रहरू स्थापना भई न्यायिक सम्पादनका कार्यहरू भइरहेका छन् । २०८३ साल माघ सम्ममा स्थानीय बालमैत्री शासनयुक्त गाउँपालिका घोषणा गर्न कार्यक्रमहरू निरन्तर रूपमा अघि बढिरहेको छ ।

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरूको शीघ्र निरूपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरूको प्रबन्ध मिलाइनेछ ।
- न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासमा जोड दिइनेछ ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रबर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- न्यायिक समिति कार्यसञ्चालन कार्यविधि र मेलमिलाप सम्बन्धि कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याइनेछ ।

उपस्थित गाउँसभा सदस्यज्यूहरू,

मेन्छयायेम गाउँपालिकालाई आत्मनिर्भर, समुन्नत र सुशासित स्थानीय सरकारको रूपमा स्थापित गर्न यो नीति तथा कार्यक्रमले प्रस्थानविन्दुको रूपमा काम गर्नेछ । यस नीति तथा कार्यक्रमले तय गरेको लक्ष्यहरूलाई हासिल गर्न सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चारजगत, राष्ट्रसेवक कर्मचारी र आम मेन्छयायेमवासी दिदीबहिनी तथा दाजुभाइहरूको रचनात्मक सहयोग र सहकार्य रहनेछ भन्नेमा पूर्ण विश्वास लिएको छु ।

अन्त्यमा, गाउँपालिकाको सरवाङ्गीक विकासको गति मेन्छयायेम वासीहरूको चाहना, आवश्यकतालाई ध्यानमा राखी सुखी मेन्छयायेमवासी समृद्ध मेन्छयायेम बनाउने कुरामा निरन्तर लागि पर्ने प्रतिबद्धता जाहेर गर्दै समृद्धिको यस महाअभियानमा अहोरात्र खटिनुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू र अमूल्य सल्लाह र सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद

मेन्छयायेम गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मोराहाङ्ग, तेह्रथुम

**कोशी प्रदेश, नेपाल**

# मेन्छयायेम गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३/०८४

प्रस्तुतकर्ता

गीतादेवि तिम्सिना गौतम

उपाध्यक्ष

**प्रस्तावनाः** मेन्छयायेम गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमत्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम ११ औं मेन्छयायेम गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०८३**" रहेको छ ।

(२) यो ऐन **२०८३** साल साउन १ गतेदेखि मेन्छयायेम गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति करः-** गाउँपालिका क्षेत्रभित्र **अनुसूची-१** बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र **अनुसूची-२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**४. घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तबरले बहालमा दिएकोमा **अनुसूची-३** बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा **अनुसूची-४** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी तथा जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचिलत कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत **अनुसूची-५** बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची-६** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन **अनुसूची-७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूची-८** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसूची-९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची-१०** बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२. सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **अनुसूची-११** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट **अनुसूची-१२** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१४. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१६. संशोधनः** यो ऐनको कुनै दफा वा उपदफा संशोधन गर्नुपरेमा गाउँसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्न सक्नेछ ।

## अनुसूची-१
## ऐनको दफा २ सम्बन्धित

**१. सम्पत्ति करः** यस गाउँपालिकामा २०७६ साल साउन १ बाट सम्पत्ति कर लागू भएको सन्दर्भमा यस गाउँपालिका क्षेत्र भित्र रहेका घर जग्गाको दररेट अनुसार भौतिक संरचनाको मूल्याङ्कन गरी प्राप्त हुने मूल्यबाट तोकिएको वर्गीकरण अनुसारको संरचनाको आयुको आधारमा निर्धारित रकममा ह्रास कट्टि घटाई बाँकी रहन आउने भैतिक संरचनाको मूल्य र संरचनाले चर्चेको दोब्बर जग्गाको मूल्यमा जोडेर हुन आउने एकमुष्ठ कूल कर योग्य मूल्याङ्कनमा सम्पत्ति कर लगाइनेछ । यो कर यस गाउँपालिका भित्र रहेको सम्पूर्ण जग्गा र त्यसमा बनेको भौतिक संरचनाको एकमुष्ठ हुन आउने कर योग्य मूल्यमा तपसिल बमोजिम कर लगाईने र असुल उपर गरिने छ । सम्पत्ति कर प्रयोजनको लागि जग्गाको मूल्याङ्कन गाउँ स्तर गरी मूल्याङ्कन समितिले तोकेको र करदाताले स्वःघोषणा गरेको मध्ये जुन बढी हुन्छ सोही मान्य हुनेछ । सम्पत्ति कर प्रयोजनको लागि संरचनाको मूल्याङ्कन गाउँ स्तरीय मूल्याङ्कन समितिले तोके बमोजिम हुनेछ ।

**सम्पत्ति करको दर**

| क्र.सं. | सम्पत्ति करयोग्य सम्पत्तिको मूल्य | | आ.ब. २०८३।०८४ | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | कर रकम | |
| १ | १ | १ लाख २५ हजार | ५० | |
| २ | १ लाख २५ हजार १ | २ लाख ५० हजार | १०० | |
| ३ | २ लाख ५० हजार १ | ४ लाख | १५० | |
| ४ | ४ लाख १ | ६ लाख | २०० | |
| ५ | ६ लाख १ | ८ लाख | २५० | |
| ६ | ८ लाख १ | १० लाख | ३०० | |
| ७ | १० लाख १ | १२ लाख | ३५० | |
| ८ | १२ लाख १ | १४ लाख | ४०० | |
| ९ | १४ लाख १ | १६ लाख | ४५० | |
| १० | १६ लाख १ | १८ लाख | ५०० | |
| ११ | १८ लाख १ | २० लाख | ५५० | |
| १२ | २० लाख १ | २२ लाख | ६०० | |
| १३ | २२ लाख १ | २६ लाख | ८०० | |
| १४ | २६ लाख १ | ३० लाख | १००० | |
| १५ | ३० लाख १ | ३५ लाख | १४०० | |
| १६ | ३५ लाख १ | ४० लाख | १८०० | |
| १७ | ४० लाख १ | ४५ लाख | २६०० | |
| १८ | ४५ लाख १ | ५० लाख | ३२०० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | ५० लाख १ | ६० लाख | ४००० | |
| २० | ६० लाख १ | ७० लाख | ६००० | |
| २१ | ७० लाख १ | ८० लाख | ८२०० | |
| २२ | ८० लाख १ | १ करोड | ११००० | |
| २३ | १ करोड १ | १ करोड ३० लाख | १४००० | |
| | **१ करोड ३० लाख १ भन्दा माथि** | | **२.५ प्रति हजार** | |

## अनुसूची-२
## ऐनको दफा ३ सम्बन्धित

**२. भूमिकर (मालपोत):-** यस गाउँपालिका क्षेत्र भित्र रहेका घर जग्गाको दररेट अनुसार भौतिक संरचनाले चर्चेका जग्गाको दोब्बर क्षेत्रफल कटाई बाँकी जग्गाको मूल्याङ्कन गरी प्राप्त हुने मूल्यबाट तोकिएको वर्गीकरण अनुसार एकमुष्ठ कूल कर योग्य मूल्याङ्कनमा भूमिकर (मालपोत) कर लागू हुनेछ । यो कर यस गाउँपालिका भित्र रहेको सम्पूर्ण जग्गाको हुन आउने कर योग्य मूल्यमा तपसिल बमोजिम कर लगाईने र असुल उपर गरिने छ । भूमिकर (मालपोत) कर प्रयोजनको लागी जग्गाको मूल्याङ्कन गाउँ स्तरीय मूल्याङ्कन समितिले तोकेको र करदाताले स्वघोषणा गरेको मध्ये जुन बढी हुन्छ सोही मान्य हुनेछ ।

**भूमिकरको दर**

| क्र.सं. | कर योग्य जग्गाको मूल्य | | आ.ब. २०८३।८४ | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | दर रू. | |
| १ | १ | १ लाख २५ हजार | ५० | |
| २ | १ लाख २५ हजार १ | २ लाख ५० हजार | १०० | |
| ३ | २ लाख ५० हजार | ४ लाख | १५० | |
| ४ | ४ लाख १ | ६ लाख | २०० | |
| ५ | ६ लाख १ | ८ लाख | २५० | |
| ६ | ८ लाख १ | १० लाख | ३०० | |
| ७ | १० लाख १ | १२ लाख | ३५० | |
| ८ | १२ लाख १ | १४ लाख | ४०० | |
| ९ | १४ लाख १ | १६ लाख | ४५० | |
| १० | १६ लाख १ | १८ लाख | ५०० | |
| ११ | १८ लाख १ | २० लाख | ५५० | |
| १२ | २० लाख १ | २२ लाख | ६०० | |
| १३ | २२ लाख १ | २६ लाख | ८०० | |
| १४ | २६ लाख १ | ३० लाख | १००० | |

| | | | | |
|---|---|---|---|---|
| १५ | ३० लाख १ | ३५ लाख | १४०० | |
| १६ | ३५ लाख १ | ४० लाख | १८०० | |
| १७ | ४० लाख १ | ४५ लाख | २६०० | |
| १८ | ४५ लाख १ | ५० लाख | ३२०० | |
| १९ | ५० लाख १ | ६० लाख | ४००० | |
| २० | ६० लाख १ | ७० लाख | ६००० | |
| २१ | ७० लाख १ | ८० लाख | ८२०० | |
| २२ | ८० लाख १ | १ करोड | ११००० | |
| २३ | १ करोड १ | १ करोड ३० लाख | १४००० | |
| २४ | १ करोड ३० लाख १ भन्दा माथि | | २.५० रूपैयाँ प्रति हजार | |

**अनुसूची ३**
**ऐनको दफा ४ सँग सम्बन्धित**

**३. घर वहाल करः-**

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा घर धनिले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १० प्रतिशत | |
| २ | कुनै पनि सार्वजनिक संस्था, सरकारी कार्यालय, निजी बैंक, सहकारी आदिलाई घर, कोठा बहाल दिएमा | सम्झौताको १० प्रतिशत | |
| ३ | गाउँपालिकाको आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत | प्रति बर्ग फुट मासिक बहाल बिटौरी रू. २।- | |

**अनुसूची-४**
**ऐनको दफा ५ सँग सम्बन्धित**

**४. व्यवसाय करः-** यस गाउँपालिका भित्र का विभिन्न व्यवसायिक निकायलाई बार्षिक निम्न बमोजिमको व्यवसायिक कर लगाईने र असुल उपर गरिने छ ।

**<u>व्यापार व्यवसायतर्फ</u>**

| क्र.सं. | व्यवसायको प्रकार | दर्ता दस्तुर | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | रेडिमेड कपडा, जुत्तालगायत फेन्सी पसल | १००० | ५०० | |
| २ | निर्माण सामग्री हार्डवेयर पसल | १००० | ५०० | |
| ३ | डान्स, फिजिकल फिटनेस सेन्टर | १००० | ५०० | |
| ४ | पर्यटक रिसोर्ट | ५००० | २००० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ब्युटि पार्लर, श्रृंगार कस्मेटिक, ड्राइक्लिनर, फोटो स्टुडियो, सिलाइ कटाइ तथा टेलरिङ्ग सेवा | १००० | ५०० | |
| ६ | स्टेसनरी, पुस्तक पसल | १००० | ५०० | |
| ७ | होडिङ्ग बोर्ड पसल | १००० | ५०० | |
| ८ | होटल एण्ड लज व्यवसाय | १५०० | १००० | |
| ९ | साधारण खाजा घर, क्यान्टिन व्यवसाय | १००० | ५०० | |
| १० | साना चिया पसल | ५०० | २०० | |
| ११ | साना किराना पसल | ५०० | ३०० | |
| १२ | ठूला किराना पसल/होलसेल किराना पसल | २००० | १००० | |
| १३ | दर्तावाला मदिरा पसल | २००० | १००० | |
| १४ | फर्निचर पसल/प्लाइउड/सीसा फ्रेम पसल | १००० | ७५० | |
| १५ | ट्युसन/कोचिङ्ग/कम्प्यूटर सेन्टर/आर्ट सेन्टर | १००० | ५०० | |
| १६ | भाडा पसल | १००० | ५०० | |
| १७ | सुनचाँदी पसल | २००० | १००० | |
| १८ | एग्रोभेट पसल | १००० | ५०० | |
| १९ | औषधि पसल/क्लिनिक/ल्याब | २००० | १००० | |
| २० | विद्युतीय सामग्री पसल | १००० | ५०० | |
| २१ | तरकारी पसल (मासु, सागसब्जी, फलफूलसमेत) | १००० | ५०० | |
| २२ | कुरियर सेवा/मनि ट्रान्फर | १००० | ५०० | |
| २३ | मर्मत सेवा (रेडियो/टिभि/घडी/कुकर/हिटर/मोटरसाइकल/चार चक्के सवारी साधन मर्मत सेन्टरलगायत अन्य विद्युतीय सामग्री) | १००० | ५०० | |
| २४ | केबुल नेटवर्किङ्ग व्यवसाय (ग्राहक संख्याको आधारमा प्रति ग्राहक रू. १०) | २००० | १००० | |
| २५ | इन्धन पसल (ग्याँस, डिजेल, पेट्रोल आदी) | १००० | ५०० | |
| २६ | एकभन्दा बढी व्यवसाय एकै स्थानमा सञ्चालन भएको भए मुख्य व्यवसायको दर्ता वा नविकरणमा अन्य प्रति व्यवसाय रू. १०० | | | |

**<u>उद्योग व्यवसायतर्फ</u>**

| क्र.सं. | व्यवसाय विवरण | दर्ता रू. | नविकरण रू. |
|---|---|---|---|
| १ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक/क वर्गको बैंक तथा वित्तीय संस्था | २०००० | १०००० |
| २ | बैंक तथा वित्तीय कम्पनी (ख, ग र घ वर्ग) | १०००० | ५००० |
| ३ | वीमा कम्पनी | ५००० | ३००० |
| ४ | घ वर्ग निर्माण व्यवसाय | १०००० | ५००० |
| ५ | फर्निचर उद्योग | २००० | १००० |
| ६ | लघु तथा अन्य साना उद्योग | १००० | ५०० |
| ७ | कुटानी पिसानी मिल | १००० | ५०० |
| ८ | कृषि/पशुपंक्षी/नर्सरी/पोल्ट्री फर्म | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ९ | संघ/संस्था | १००० | ५०० |
| १० | क्लब | १००० | ५०० |

**अनुसूची-५**

**ऐनको दफा ६ सँग सम्बन्धित**

**५. जडीवुटी जिवजन्तु करः-** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानुन ले निषेध गरिएको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेवापत प्रचलित मूल्य बमोजिम प्रदेश सरकार र संघीय सरकारको निर्णय बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

| क्र.सं. | विवरण | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | पशु चौपाया निकासी सिफारिस | ५०० | |
| २ | राँगा/भैसी निकासी प्रति गोटा | ३० | |
| ३ | गाइ तथा गोरू निकासी प्रति गोटा | २० | |
| ४ | बंगुर निकासी प्रति गोटा | १० | |
| ५ | खशी/बोका निकासी प्रति गोटा | १० | |
| ६ | अलैची ढुवानी/निकासी प्रति मन | ५० | |
| ७ | रूख कटान सिफारिस (प्रति रूख) | ६० | |
| ८ | अदुवा/अम्लिसो (प्रति किलो) | ५०० | |
| ९ | चिराइतो निकासी | १००० | |
| १० | सुन्तला तथा फलफूल निकासी | ५०० | |

**अनुसूची ६**

**ऐनको दफा ७ सँग सम्बन्धित**

**६. सवारी साधन करः-** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा तोकिए वमोजिम सवारी साधन कर लगाईने छ र असुल उपर गरिने छ ।

| क्र.सं. | सवारीसाधन | पूर्वाधार उपयोग शुल्क रू. | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर (बार्षिक) | १००० | |
| २ | ट्याक्सी | ५०० | |
| ३ | बस | १००० | |
| ४ | ट्रक, टिफरलगायत ठूला सवारी | १००० | |
| ५ | मिनी बस | १००० | |

**अनुसूची ७**

**ऐनको दफा ८ सँग सम्बन्धित**

**७. विज्ञापन करः-** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा तोकिए बमोजिम कर लागाईने छ र असुल उपर गरिने छ ।

| क्र.सं. | विवरण | होडिङ्ग बोर्ड | वाल पेन्टिङ्ग | फ्लेक्स | डिजिटल बोर्ड वा ग्लोसाइन बोर्ड | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रति वर्ग फिट प्रति वर्ष | १० | ५ | १० | २० | १०० | |

**अनुसूची ८**

**ऐनको दफा ९ सँग सम्वन्धित**

**८. मनोरन्जन करः-** गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

| क्र.सं. | विवरण | सेवा शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | मेला, उत्सव तथा महोत्सव | ५०० | प्रतिदिन |
| २ | सिनेमा/डकुमेन्ट्री आदि तयार र प्रर्दशन गरेबापत | ५०० | प्रतिदिन |
| ३ | जादु/चटक, नाटक, सर्कस देखाएबापत | ५०० | प्रतिदिन |

**अनुसूची ९**
**ऐनको दफा १० सँग सम्बन्धित**

**९. वहाल विटौरी शुल्कः-** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसलमा निम्न बमोजिम वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

मोराहाङ्ग बजार बिहीबारे हाटमा तथा तपसिल बमोजिम का अस्थायी व्यापार व्यावसायमा तपशिल बमोजिमको दररेट बमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ ।

| क्र.सं. | व्यापारिक बस्तुको नाम | कायम दर रू. | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाले निर्माण गरेको वा आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा वा अन्य सम्पति | १०० | प्रतिदिन |
| २ | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोकी छेउको जग्गामा यस अघि बनिसकेका अस्थायी टहरा, छाप्रा तथा स्थायी संरचनामा | ५००० | प्रतिवर्ष |

आफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति बर्गफुट मासिक बहाल बिटौरी रू. २।– (अक्षेरेपी दुई मात्र)

**अनुसूची १०**
**ऐनको दफा ११ सँग सम्वन्धित**

**१०. पार्किङ शुल्कः-** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत निम्न बमोजिम सवारी साधन पार्किङ्ग कर लगाईने छ र असुल उपर गरिने छ ।

१. बस रू. ०
२. ट्याक्सी रू. ०
३. ट्याक्टर रू. ०
४. अन्य रू. ०

**अनुसूची ११**
**ऐनको दफा १२ सँग सम्वन्धित**

**११. सेवा शुल्क दस्तुरः-**

**क. सेवा, शुल्क/दस्तुरः-**

| क्र.सं. | विवरण | सिफारिस/प्रमाणित दस्तुर रू. | कैफियत |
|---|---|---|---|
| | **क. नागरिकता सम्बन्धि सिफारिस** | | |
| १ | बंशजको आधारमा नागरिकता सिफारिस | २०० | |
| २ | नाम छुट तथा सनाखत नागरिकता सिफारिस | २०० | |
| ३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | ५०० | |
| ४ | नागरिकता प्रतिलिपि सिफारिस | ३०० | |
| | **ख. जग्गाको स्रेस्ता कार्यान्वयन र दर्ता सिफारिस** | | |
| ५ | चार किल्ला प्रमाणित (आवासीय/कृषि क्षेत्र) | ५००/३०० | |

| | | | |
|---|---|---|---|
| ६ | ५ रोपनीभन्दा कम जग्गा प्लटिङ्ग गर्नका लागि सिफारिस | ५००० | |
| ७ | ५ देखि १० रोपनीसम्म जग्गा प्लटिङ्ग गर्नका लागि सिफारिस | १०००० | |
| ८ | १० देखि १५ रोपनीसम्म जग्गा प्लटिङ्ग गर्नका लागि सिफारिस | १५००० | |
| | **ग. घर जग्गा मूल्याङ्कन र आम्दानी प्रमाणित** | | |
| ९ | घर जग्गा हकसम्बन्धमा सिफारिस | ७०० | |
| १० | घर बाटो नभएको सिफारिस | ३०० | |
| ११ | घर बाटो भएको सिफारिस | ५०० | |
| १२ | पुर्जामा घर भएको तथा फिल्डमा नभएको सिफारिस | ५०० | |
| १३ | बाटो कायम नेपाल सरकारको नाममा | २०० | |
| १४ | घर जग्गा करको लेखाजोखा गर्ने सिफारिस | ५०० | |
| १५ | पूर्जामा घर कायम गर्ने सिफारिस | ५०० | |
| १६ | जग्गाधनी पूर्जा हराएको सिफारिस | २०० | |
| १७ | कित्ताकाट/जग्गा वर्गीकरण गर्ने सिफारिस | ३०० | |
| १८ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० | |
| १९ | घरजग्गा नामसारी सिफारिस | ५०० | |
| २० | नक्सा प्रमाणित प्रतिपेज | ५० | |
| २१ | जग्गा दर्ता सिफारिस (छुट दर्ता) | ५०० | |
| | **घ. घर, नक्सा पास दस्तुर** | | |
| २२ | कम्पाउण्ड बाल प्रति रनिङ्ग फिट | १ | |
| २३ | कच्ची घर प्रति वर्ग फिट ग्रामीण क्षेत्र | १ | |
| २४ | लोड वाइरिङ्ग घर प्रति वर्ग फिट (कच्ची सडक) | ३ | |
| २५ | आर.सी.सी. घर प्रति वर्ग (कच्ची सडक) | ४ | |
| २६ | आर.सी.सी. घर प्रति वर्ग (पक्की सडक) | ५ | |
| २७ | लोड वायरिङ्ग घर प्रति वर्ग फिट (पक्की सडक) | ४ | |
| २८ | नक्सा संशोधन साविक माथि २० प्रतिशत थप | | |
| २९ | हरित आवास गृह निर्माण गर्नेको लागि लाग्ने दस्तुरको ४० प्रतिशत छुट | | |
| ३० | लेआउट प्रति वर्ग फुट | १ | |
| | **ङ. आयस्रोत तथा चल/अचल सम्पत्ति मूल्याङ्कन** | | |
| ३१ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस १० लाख सम्म | १००० | |
| ३२ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २००० | |
| ३३ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३००० | |
| ३४ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५००० | |
| ३५ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ५० लाखभन्दा माथि प्रत्येक १० लाख थप | २००० | |
| | **च. सम्बन्धि सिफारिस दस्तुर** | | |
| ३६ | पेन्सन नामसारी/रहलपहल पेन्सन सिफारिस/सर्जिमिन | ५०० | |
| ३७ | नाता/जन्म/मृत्यु/विवाहित/अविवाहित/जीवित रहेको/चालचलन/तीन पुस्ते प्रमाणित | ३०० | |
| ३८ | नाम/थर/जन्ममिति/ठेगाना/प्रहरी रिपोर्ट साथै जातीयता सम्बन्धि सिफारिस तथा संशोधन सिफारिस | ५०० | |
| ३९ | पालनपोषणको लागि सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| ४० | वार्षिक आम्दानी प्रमाणित | प्रति हजार रू. २ | |
| ४२ | नाबालक परिचयपत्र/छात्रवृत्ति सिफारिस | २०० | |
| ४३ | हकवाला प्रमाणित सिफारिस | २०० | |
| ४४ | स्थायी/अस्थायी बसोबास प्रमाणित | २०० | |
| ४५ | एकाघरका संगोलमा रहेको सिफारिस | ५०० | |
| ४६ | निरोगिता प्रमाणपत्र | ५०० | |
| ४७ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित | १००० | |
| ४८ | शैक्षिक प्रमाणपत्र प्रतिलिपि | ५०० | |
| ४९ | कार्यालय प्रयोजन सिफारिस शुल्क (विपन्नता/आर्थिक सहायता बाहेक) | ५०० | |
| ५० | कन्सुलर प्रमाणित (प्रति पृष्ठ) | २०० | |
| ५१ | अपाङ्गता भएको सिफारिस | निःशुल्क | |
| ५२ | आदिवासी/जनजाति दलित, अल्पसंख्यक, पीछडिएका वर्ग/प्रहरी रिपोर्ट सिफारिस | २०० | |
| ५३ | सामाजिक सुरक्षा लाभग्राहीलाई भत्तासम्बन्धि कामको सिफारिस | निःशुल्क | |
| ५४ | अंग्रेजी भाषामा सिफारिस वा अंग्रेजीमा रूपान्तरण | ५०० | |
| ५५ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र विलम्ब दस्तुर | २०० | |
| ५६ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि दस्तुर | ५०० | |
| **छ. संस्थागत सिफारिस दस्तुर** | | | |
| ५७ | पानी, विद्युत जडान सम्बन्धि सिफारिस | २०० | |
| ५८ | व्यापार तथा व्यवसाय/संघसंस्था/समूह/सहकारी दर्ताको लागि सिफारिस/स्थायी लेखा नम्बर प्रमाणपत्र सिफारिस | ५०० | |
| ५९ | मोही लागत कट्टा सिफारिस | ५०० | |
| ६० | व्यापार/व्यवसाय बन्द भएको, सञ्चालन नभएको, व्यापार/व्यवसाय हुँदै नभएको सिफारिस | ३०० | |
| ६१ | उद्योग ठाउँसारीको सिफारिस | ५०० | |
| ६२ | विद्यालय खोल्ने सिफारिस | २००० | |
| ६३ | विद्यालय ठाउँ सारी गर्ने सिफारिस | १००० | |
| ६४ | खानेपानी मूल दर्ता | १००० | |
| ६५ | संस्था दर्ता प्रमाणपत्र (प्रतिलिपि) | ५०० | |
| ६६ | शैक्षिक संस्था दर्ता/स्वीकृति/अनुमति | ५००० | |
| ६७ | संघ/संस्था, सहकारी, क्लब विधान संशोधन | ५०० | |
| ६८ | संघ/संस्था, सहकारी, क्लब विधान संशोधन सिफारिस शुल्क | २०० | |
| ६९ | ठेक्का सम्बन्धि बैंक ग्यारेन्टी फुकुवाको सिफारिस दस्तुर | ५०० | |
| ७० | घर सर्ने सिफारिस | ५०० | |
| ७१ | माथि उल्लेखित बाहेकका सिफारिस | ३०० | |
| **ज. परीक्षा सञ्चालनसम्बन्धि शुल्क** | | | |
| ७२ | अधिकृतस्तर | १५०० | |
| ७३ | सहायकस्तर पाँचौ वा सो सरह | १००० | |
| ७४ | सहायकस्तर चौथो वा सो सरह | ८०० | |
| ७५ | श्रेणीविहीन | ५०० | |
| **झ. मेसिनरी उपकरण तथा भवनको भाडा शुल्क** | | | |

| | | | |
|---|---|---|---|
| ७६ | जेसीबी सञ्चालन (इन्धनसहित) | प्रति घण्टा ३५०० | |
| ७७ | जेसीबी सञ्चालन (इन्धन बाहेक) | प्रति घण्टा १५०० | |
| ७८ | प्रोजेक्टर भाडा | ० | |
| ७९ | हल भाडा | प्रतिदिन ५०० | |
| **ञ. एम्बुलेन्स सञ्चालन सेवा शुल्क** | | | |
| ८० | मेन्छयायेम अस्पतालदेखि वडा नं. ५ र ६ का क्षेत्रहरू सबै | १,१०० | |
| ८१ | मेन्छयायेम अस्पतालदेखि वडा नं. १, २, ३ र ४ का क्षेत्रहरू सबै | १,६०० | |
| ८२ | मेन्छयायेम गाउँपालिकादेखि जिल्ला अस्पताल म्याङलुङसम्म | ५,००० | |
| ८३ | मेन्छयायेम गाउँपालिकादेखि धरानका स्वास्थ्य संस्थाहरूसम्म | १०,००० | |
| ८४ | मेन्छयायेम गाउँपालिकादेखि विराटनगरका स्वास्थ्य संस्थाहरूसम्म | १२,००० | |
| **नोटः- मेन्छयायेम गाउँपालिकाभित्र गर्भवती आमाहरूलाई ५० प्रतिशत छुट र ७५ वर्ष वा सोभन्दा माथिका जेष्ठ नागरिकलाई निःशुल्क अस्पतालसम्म ल्याउन व्यवस्था गरिएको छ ।** | | | |
| **तमसुक प्रमाणित** | | | |
| ८५ | एक लाखसम्म | १०० | |
| ८६ | पाँच लाखसम्म | ५०० | |
| ८७ | दश लाखसम्म | १००० | |
| ८८ | पच्चीस लाखसम्म | १५०० | |
| ८९ | पचास लाखसम्म | २००० | |
| ९० | १ करोडमाथि | ५००० | |
| **विविध** | | | |
| ९१ | अमिन शुल्क | ५०० | |
| ९२ | प्रति रोपनी | ३०० | |
| ९३ | योजना फरफराक र सम्झौता (१ लाखदेखि २ लाखसम्म) | १०० | |
| ९४ | योजना फरफराक र सम्झौता (२ लाखदेखि माथि) | ३५० | |
| ९५ | निजी जग्गाबाट ढुंगा बिक्री | प्रदेश ऐनअनुसार | |

**ट. ल्याब सेवा शुल्क**

| क्र.सं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| 1 | ANC Package | 550 |
| 2 | CBC | 260 |
| 3 | HB | 60 |
| 4 | ESR | 60 |
| 5 | BT | 60 |
| 6 | CT | 60 |
| 7 | Blood Grouping | 100 |
| 8 | Urine R/E | 100 |
| 9 | UPT | 100 |
| 10 | Blood Sugar Fasting/PP | 200 |
| 11 | RBS | 100 |
| 12 | Uric Acid | 150 |
| 13 | AMYLASE | 200 |
| 14 | CALCIUM | 200 |
| 15 | RFT | 600 |
| 16 | UREA | 100 |
| 17 | DENGUE | 600 |

| | | |
|---|---|---|
| 18 | CREATININE | 100 |
| 19 | Sodium | 200 |
| 20 | Potassium | 200 |
| 21 | LFT | 650 |
| 22 | Bilirubin | 150 |
| 23 | Lipid Profile | 650 |
| 24 | HbSAG | 200 |
| 25 | Vdrl | 200 |
| 26 | HCB | 200 |
| 27 | CRP | 200 |
| 28 | ASO TITRE | 200 |
| 29 | RA Factor | 200 |
| 30 | Troponin I | 700 |
| 31 | WIDEL | 200 |
| 32 | Stool R/E | 100 |
| 33 | H. PYLORI | 500 |
| 34 | OPD Ticket | 10 |
| 35 | ER Ticket | 50 |
| 36 | Dressing Charge Minor | 50 |
| 37 | Dressing Charge Major | 100 |
| 38 | Minor OT | 200 |
| 39 | Indoor Bed Charge प्रति दिन | 50 |
| 40 | Oxygen Cylinder | 500 |
| 41 | Oxygen Conc. प्रति घण्टा | 20 |
| 42 | ANC Ticket | 20 |
| 43 | X-Ray | 350 |
| 44 | Cast Application | 200 |
| 45 | Cast Remove | 50 |
| 46 | Black Slab Application | 100 |

**ठ. नदीजन्य तथा प्राकृतिक स्रोतबाट लाग्ने बिक्री कर**

यस मेन्छयायेम गाउँपालिकामा क्षेत्रमा भएका नदी तथा नदीजन्य तथा अन्य प्राकृतिक स्रोत बिक्रीबाट IEE मार्फत ठेक्का प्रक्रियाबाट गरिनेछ ।

**ड. वित्तीय संस्था/समूह दर्ता तथा उपभोक्ता समिति/समूह दर्ता/सूचीकरण**

| क्र.सं. | संस्था वा समूहको नाम | सूचीकृत शुल्क वार्षिक | दर्ता शुल्क | नविकरण बार्षिक |
|---|---|---|---|---|
| १ | सहकारी संस्था/गैरसरकारी संस्था तथा अन्य संस्था | १००० | २००० | १००० |
| २ | सामूदायिक वन उपभोक्ता समिति/सिचाइ उपभोक्ता समिति/खानेपानी उपभोक्ता समिति तथा अन्य उपभोक्ता समिति | १००० | | ५०० |
| ३ | निर्माण व्यवसाय घ वर्ग | ५००० | १०००० | ५००० |
| ४ | वित्तीय संस्था क वर्ग | १०००० | ० | ५००० |
| ५ | लघु तथा वित्तीय संस्था | १०००० | | ५००० |

**ढ. पशु सेवा शुल्क**

| क्र.सं. | | विवरण | दर |
|---|---|---|---|
| १ | पशु उपचार सेवा | गाई भैसी | प्रति पशु रू. २० |
| | | भेडा, बाखा, बंगुर, पन्छी | प्रति पशु रू. ५० |
| | | कुकुर, बिरालो | प्रति पशु रू. १० |

| | | | |
|---|---|---|---|
| २ | प्रयोगशाला सेवा | गोबर/पिसाब परीक्षण | प्रति पशु रू. २० |
| | | थुनेलो/छाला परीक्षण | प्रति पशु रू. २० |
| | | रगत परीक्षण | प्रति पशु रू. २० |
| | | पन्छी पोष्टमार्टम | प्रति पंक्षी रू. २० |
| | | कुकुर, बिरालो पोष्टमार्टम | प्रति पशु रू. २० |
| | | गाईभैसी पोष्टमार्टम | प्रति पशु रू. २० |
| | | भेडा/बाख्रा/बंगुरको पोष्टमार्टम | प्रति पशु रू. २० |
| | | दुध परीक्षण | रू. २० |
| ३ | कृतिम गर्भाधान सेवा | गाई/भैसी | प्रति पशु रू. १०० |
| ४ | पशु बन्ध्याकरण | बोका/थुमा | प्रति पशु रू. ३० |
| | | बहर/राँगा | प्रति पशु रू. १०० |
| ५ | भेटेरिनरी औषधि वितरण | | २५ प्रतिशत जम्मा गर्नुपर्ने |

**ण. टिकट तथा निवेदन दस्तुरः-**

| क्र.सं. | दस्तुर | रकम | कैफियत |
|---|---|---|---|
| १ | साधारण निवेदन दर्ता | २०० | |
| २ | सिफारिस माग निवेदन दर्ता | २०० | |
| ३ | मुद्दा/उजुरी निवेदन दर्ता | २०० | |
| ४ | तारेक/मिलापत्र तथा सहमति | २०० | |
| ५ | सम्बन्ध विच्छेद निवेदन दर्ता | १००० | |
| ६ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | २०० | |

**त. आयस्रोत तथा चल/अचल सम्पति मूल्याङ्कन**

| क्र.सं. | सम्पत्ति | रकम | कैफियत |
|---|---|---|---|
| १ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस १० लाख सम्म | १००० | |
| २ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २००० | |
| ३ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३००० | |
| ४ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५००० | |
| ५ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ५० लाखभन्दा माथि प्रत्येक १० लाख थप | २००० | |

## अनुसूची १२
## ऐनको दफा १४ सँग सम्वन्धित

**१२. पर्यटन शुल्कः-** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट तोकिए वमोजिम दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर,प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

मेन्छयायेम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम

स्थानीय राजपत्र

सभाबाट स्वीकृत मिति :- २०८३।०३।१०

# मेन्छयायेम गाउँपालिका विनियोजन ऐन, २०८३

**मेन्छयायेम गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:-** मेन्छयायेम गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) मेन्छयायेम गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **मेन्छयायेम गाउँपालिका विनियोजन ऐन, २०८३** रहेको छ ।

(२) यो ऐन मिति **२०८३ साउन १** गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त **अनुसूची १** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रू. ३०,७४,१०,३००।- (अक्षेरूपी तीस करोड चौहत्तर लाख दश हजार तीन सय रूपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त मेन्छयायेम गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सभा सञ्चालन नभएको अवस्थामा कुनै योजना तथा कार्यक्रम संशोधन गर्न वाञ्छनिय भएमा सभा बाट अनुमोदन गराउने गरी कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

# <u>अनुसूची– १</u>

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | **गाउँ कार्यपालिका** | ९,७१,५०,००० | ५,०३,५९,३०० | | ३०,७४,१०,३०० |
| २ | | **वडा समिति** | १२,००,००० | | | १२,००,००० |
| ३ | | **बिषयगत शाखा** | | | | |
| | | शिक्षा सेवा शाखा | | | | |
| | | स्वास्थ्य सेवा शाखा | | | | |
| | | आरोग्य केन्द्र | | | | |
| | | कृषि सेवा शाखा | | | | |
| | | पशु सेवा शाखा | | | | |
| | | महिला विकास शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | -- | -- | -- | |
| ५ | | लगानी / शेयर / ऋण | -- | -- | -- | |